"समतामुलक,समृद्ध पर्यटकीय नगरीः
पहिचान सहितको हाम्रो घोडाघोडी"

# घोडाघोडी नगरपालिकाको
# बिनियोजन विधेयक २०८०
# आ.व.(२०८०-०८१)

## घोडाघोडी नगरपालिकाको नगरसभाको
## १७ औ अधिवेशनमा
## नगरउपप्रमुख श्री गुलिया कुमारी चौधरीद्वारा प्रस्तुत
## बिनियोजन विधेयक २०८०
## आर्थिक वर्ष २०८०-०८१


घोडाघोडी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
सुखड,कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

# विनियोजन विधेयक २०८० उपर बिचार गरियोस भन्ने प्रस्ताव

**सभाध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

यस गरिमामय नगरसभामा घोडाघोडी नगरपालिकाको नगरउप्रमुख एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक बर्ष २०८०-८१ को बार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएकी छु।

नेपाल संघीय संरचनामा गैसके पछि स्थानीय तहको दोस्रो निर्वाचन पश्चात पहिलो वजेट कार्यन्वयनको अन्तिम चरणमा पुगि आगामी आर्थिक बर्षको बजेट प्रस्तुत गर्न पाउदा हर्षित भएकी छु, मलाई यस स्थानमा पुर्याउनु हुने आम नगरवासी आमा वुवा दाजु भाई तथा दिदि बहिनि प्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

साथै,यस अवसरमा लोकतन्त्र प्राप्ती ,संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाको लागि समय समयमा भएको राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिद हरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु।

चालु आर्थिक बर्षको बार्षिक बजेट निर्माणमा उपलब्ध स्रोत साधन लाई ध्यानमा राखि आम नगरवासिहरुका माग, चाहना, आवश्यकतालाई मध्य नजर गरि नगरपालिकाको दिगो विकास र समृद्धीका लागि योजनाहरुको प्राथमिकीकरण गर्दै बजेट बिनियोजन गर्ने प्रयास गरेकी छु।

नगरपालिकाको भौतिक पुर्वाधार विकास र आर्थिक, सामाजिक क्षेत्रको रुपान्तरणको माध्यमवाट **समतामुलक, समृद्ध पर्यटकीय नगरी पहिचान सहितको हाम्रो घोडाघोडी**को दिर्घकालिन सोच हासिल गर्न सवै पक्ष र क्षेत्रको सहयोगको अपेक्षा गर्दछु।

सवै नगरवासिका लागि न्युनतम खाध्य सुरक्षा, आधारभुत स्वास्थ्य शिक्षाको सुविधा, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्याआवश्यक आवश्यकताको परिपुर्ति यस बजेटले गर्ने अपेक्षा गर्दछु। **सभाध्यक्ष महोदय,**
अब म घोडाघोडी नगरपालिकाको चालु आ.व.२०७९-०८० को बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

चालु आर्थिक वर्ष २०७९-०८० मा कुल १ अर्व १ करोड २३ लाख ३९ हजार अनुमानित बजेट विनियोजन गरेकी थिए। कुल बजेट मध्येको ...४५....% पुजिगत र ...५५...% चालु खर्च हुने

अनुमान रहेको छ। चालु आ.व. मा संघ सरकारको राजस्व वाडफाडवाट १७ करोड ४५ लाख ६४ हजार प्राप्त हुने अनुमानमा हाल सम्म ११ करोड ५ लाख ९० हजार१४५ मात्र प्राप्त भएको ,प्रदेश सरकारको राजस्व वाडफाड वाट ५९ लाख ४९ हजार प्राप्त हुने अनुमानमा५१ लाख ७ हजार ४७८ मात्र प्राप्त भएको ,संघीय सरकार वाट वित्तीय समानिकरण अनुदान २० करोड ७० लाख प्राप्त हुने अनुमानमा १८ करोड ११ लाख२५ हजार मात्र प्राप्त भएको, प्रदेश सरकार वाट वित्तीय समानिकरण अनुदान १ करोड ५४ लाख २६ हजार प्राप्त हुने अनुमानमा ९६ लाख ४१ हजार २५० मात्र प्राप्त भएको,संघिय सरकार वाट समपुरक अनुदान ३ करोड ९० लाख,प्रदेश सरकार वाट समपुरक अनुदान १ करोड १८ लाख,संघ सरकार वाटविशेष अनुदान ५ करोड ५८ लाख प्रदेश सरकार वाट विशेष अनुदान ९५ लाख संगीय सरकार वाट सशर्त अनुदान ३५ करोड ७६लाख प्राप्त हुने संशोधीत अनुमान रहेकोहुदा हुदै पनि समग्रमाअनुमानित ९ करोड बजेट अनुमान भन्दा कम प्राप्त भएकोले हामिले चालु आर्थिक बर्ष को बार्षिक नीति तथा कार्यक्रम र बजेटको उदेश्य र प्राथमिकता अपेक्षा अनुसार हासिल गर्न सकेका छैनौ यधपी नगरको दिगो विकासको लागि प्राप्त स्रोतको अधिकतम सदुपयोग गरि उच्चतम प्रतिफल हासिल गर्न तर्फ उन्मुख भएका छौ ।

**सभाध्यक्ष महोदय,**

यो बर्ष आर्थिक मन्दिका कारण चालु आर्थिक बर्षमा योजना तथा कार्यान्वयन गर्न नसकेका योजना तथा कार्यक्रम लाई आगामी आर्थिक बर्षको बार्षिक बजेटमा समेटने प्रयास गरेकी छु। साथै यस बर्ष भूक्तानी दिन नसकिने योजना तथा कार्यक्रमको भूक्तानीका लागि आगामी आर्थिक बर्षमा दायित्व सारेकी छु।

**सभाध्यक्ष महोदय,**

अव म आगामि आर्थिक वर्ष २०८०-०८१ को बजेटको उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छुः

**बजेटको उदेश्यः**

1. आर्थिक विकास
2. रोजगारीको सृजना
3. उत्पादनमा आत्मनिर्भरता
4. गुणस्तरीय शिक्षा र स्वास्थ्य सरल र सहज पहुच पुर्याउनु नै यस बजेटका मुख्य उदेश्य रहेका छन।
5. पुर्वाधार विकास

**बजेटका प्राथमिकता**

1. सडक,पुल,भवन,खानेपानी निर्माण गरि दिगो पुर्वाधार विकास
2. शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकास
3. कृषि तथा पशु क्षेत्रको विकास
4. सामाजिक क्षेत्रको विकास मार्फत दुर्त मानव विकास
5. पर्यापर्यटन,वातावरण संरक्षण
6. सुशासन लाई बजेटका विशेष प्राथमिकतामा राखेकी छु।

**सभाध्यक्ष महोदय,**
अव म आगामि आर्थिक बर्षको बजेटको आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**सभाध्यक्ष महोदय,**
बजेटले लिएका उदेश्य हासिल गर्न देहाय बमोजिमका सुधारको प्रस्ताव गरेकी छु।

१. वडा स्तरवाट माग भएका योजनाहरु छनोट र प्राथमिकता गर्न आयोजना वैंक संचालन गर्ने व्यवस्था मिलाएकी छु।
२. चालु खर्च लाई न्युनिकरण गरि पुजिगत खर्च वृद्धी गर्नका लागि नगरपालिका बाट हुने फजुल खर्चको कटौती गरेकी छु ।
३. पुजिगत खर्च अभिबृद्धी गर्न कर्मचारीहरुको क्षमता वृद्धीमा बिशेष जोड दिने खालका कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु।
**४.** अनुगमन,मुल्यांकन र नियमनकार्यलाई थप प्रभावकारी वनाउन योजना अनुगमन समितिको संयोजक द्वारानै सम्पुर्ण योजनाको अनुगमन गर्ने व्यवस्था मिलाएकी छु।
**५.** उत्पादन मुलक कृषि उधोग,पर्यटन र सेवा क्षेत्रमा लगानी प्रोत्साहनको व्यवस्था गरेकी छु।
**६.** उपभोक्ता समितिको नाममा बढदो बेरुजु लाई कम गर्न एक लाख भन्दा मुनिका योजनाहरुमा उपभोक्ता समिति नचाहिने व्यवस्था मिलाएकी छु।
७. कृषी अनुदान लाई थप प्रभावकारी वनाउन कृषी रिणको व्यवस्था मिलाईनेछ।
८. सवै जनताको न्यायमा पहुच अभिवृद्धी गर्न जनता संग उपमेयर कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएकी छु।
९. पालिकामा कार्यरत सरकारी तथा गैरसरकारी निकायको कार्य लाई थप प्रभावकारी वनाउन आवश्यक समन्वयमा मात्र संचालन गर्ने व्यवस्था मिलाएकी छु।
१०. महिला,अपांग,दलित,एकल महिला,विपन्न नागरिक,मुक्तकमैया,मुक्त कमलरी हरुलाई स्थानीय सरकाको अनुभुती दिलाउन समाजिक समावेसीकरण र लैंगिक उत्तरदायी बजेको व्यवस्था मिलाएकी छु।
११. कर्मचारीको मनोवल लाई उच्च राख्न कर्मचारी पुरस्कृत गर्ने व्यवस्था मिलाएकी छु।
१२. नगरपालिकावाट प्रदान गरिने सेवामा पार्दर्शिता,जवाफदेहिता अभिबृद्धी गरि डिजिटल नगरपालिका विकास गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

**सभाध्यक्ष महोदय,**
अब म अध्यक्ष ज्यू मार्फत यस सम्मानित सभामा सुदूरपश्चिम प्रदेशको स्थानीय कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ को दफा १३ (३) बमोजिम यस विनियोजन बिधेयक उपर बिचार गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**धन्यवाद।**

**<u>पेश गर्ने</u>**
नामःगुलिया कुमारी चौधरी
पदः नगर उपप्रमुख
हस्तक्षर.......................
मिति२०८०-०३-१०